## फसल काट्ने

जब लगाएको बाली राम्ररी सुक्छ तब यसको घोगा-घोगा बाँचेर यसलाई घरमा ल्याएर आधा खोसेला निकालेर यसलाई झुप्पा झुप्पा पारेर भारमा राख्न सकिन्छ अथवा यसलाई त्यत्तैकै किचनको टाँडमा जहाँ धुवाँले भेट्ने ठाउमा राखिन्छ ताकि यसमा धुलिया नलागोस भनेर धुवाँमा राखने चलन छ।


**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Sherpa P, Sharma L and Limboo D. 2020. Cultivation practices of Maize (Pamphlet). Department of Horticulture, Sikkim University.


सिक्किम विश्वविद्यालय
स्थापित - २००७

Extension Bulletin-06/NMHS/2020

# मकैको खेति




Authors
Pema Sherpa, Laxuman Sharma and Deewan Limboo

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

## परिचय

मकै (*Zea mays*) खरीफ बालीको प्रमुख अन्नहरू मध्ये एक हो । मकै प्रायजसो अन्नका लागी या घाँसको लागी रोप्ने गरिन्छ । सिक्किमको सन्दर्भमा पोलेको मकै रोडका डीलहरूमा बेच्न राखेको प्रशस्तै मात्रमा देखिने गरिन्छ । प्रायजसो मकैको चामल अन्य चामलहरू सँग मिसाएर भत पकाइन्छ । मानिसहरूले मकैको चामल मिसाएर खाना मन पराउँछन् । यसको सानो बिरूवा देखि लिएर सबै यसको डाँक्ला, घोगा, र मकैको दानालाई मजाले पिसेर यसको भुस बनाई गाईको खानको रूपमा प्रयोग गर्न सकिन्छ ।

## माटो र हावापानी

यो जाडोमा भन्दा बेसी गरम ठाउँमा राम्रोसँग फल्छ । यो उष्णकटिबंधीय (Tropical) देखि समशीतोष्ण (Temperate) क्षेत्र सम्मको अत्यन्त भिन्न मौसमी अवस्थाहरूमा हुर्कन्छ । यसले बेसी पानी भएको ठाउँ सहन सक्दैन । यो गहिरो उर्वर र राम्ररी निकास भएको माटोमा राम्रोसँग अनुकूल हुन्छ । यसलाई जुनसुकै माटोमा पनि उब्जाउन सकिन्छ ।

## मकै छर्ने ठाउँको तयारी

दुई खेप जोतेको बारीमा मकैको बीउ छर्न योग्य हुन्छ । जोत्न अघि बारीमा पर्याप्त मात्रामा खाद या मल छरेको हुनुपर्छ । यसो गर्नाले जोतेपछि मल र माटोको मिश्रण राम्रो सँग हुने गर्दछ । पानी जम्न नपाउने गरी यसको ठाउँ तयार गरेको हुनुपर्छ ।

## रोप्ने समय:

कीरा लागेका या कुहिएका बीउहरू रोप्न अघि छुट्याउनु पर्छ । यो फसलको रोप्ने समय औलतिर फरवरी र मार्च मा अनि लेकतिर मार्च अप्रेलमा रोपिन्छ ।

## मलखाद

बीउ छर्ने एक साता अघि जमिनमा राम्ररी सडेको गाईको मल (FYM) हाल्ने गरिन्छ । तोरीको तेल पिसेर निक्लेको पदार्थ र जीवामृतको प्रयोगले बालीको उत्पादन बढाउँछ ।

## गोडमेल

छरेको बीउ भन्दा लाइन बनाएर रोपेको बीउ छ भने गोडमेल गर्न या झार उखेल्न सजिलो हुन्छ । लाइनमा रोप्ने विधिमा बीउ रोप्दा काँटा वा हलो प्रयोग गरी उचित दूरी र गहिराइ राखेर पङ्क्तिमा बीउ रोपिन्छ यसो गर्नाले विरूवाको बीचमा गोडमेल गर्न सजिलो या सरल हुनेगर्दछ ।

## विरूवा छाँट्ने वा उकेरा लगाउने

यो विधि विशेष गरी बीउ छरेको 40-50 दिन पछि गर्ने गरिन्छ । मकैको विरूवा छाँट्ने काम दुई देखि तीन खेप सम्म गरिन्छ यदि बारीमा बीउ बाक्लो छरोको छ भने अनि विरूवाको फेदमा उकेरा लगाउने वा माटो चडाउने कार्य गरिन्छ । त्यही समयमा गाईको मल (FYM) या गँडयौलाको मल हाल्ने काम पनि गरिन्छ । यसो गर्नाले विरूवाको छेउछाउमा पानी जामीनबाट रोकथाम हुन्छ । पानी जामीने स्थितिमा राम्रो सँग नाली काट्नु पर्छ ।